REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 14.10.2024

---

Union Communication Minister

केन्द्रीय संचार मन्त्री श्री ज्योतिरादित्य सिन्धियाले भन्नुभएको छ भारतले केवल बाइस महीनामा सबै राज्य र केन्द्रशासित प्रदेशहरूमा अस्सी प्रतिशत जनसंख्यालाई समावेश गर्दै 5 जी दूरसचार सेवा शुरू गरेको छ।

नयाँ दिल्लीमा आज पाँचौ वैश्विक मानक संगोष्टीको उद्घाटन सत्तलाई सम्वोधन गर्दै उहाँले यो कुरो भन्नुभएको हो।

श्री सिन्धियाले भन्नुभयो 5 जी नेटवर्कको प्रसारवाट दुइ हजार चालिस सालसम्ममा अर्थव्यवस्थामा चार सय पचास मिलियन अमेरिकी डलरको निवेश हुने आशा छ।

श्री सिन्धियाले भन्नुभयो भारतले आटिफिशियल इन्टेलिजेन्स, ब्लाकचेन, स्मार्ट सिटीज र ओपन सोर्स टेक्नोलजीको भविस्यलाई आकार दिइरहेछ।

यस अवसरमा बोल्दै अन्तर्रास्ट्रि दूरसचार संघका महासचिव डोरेन बोगदान मार्टिनले भारतमा 5 जी दूरसंचार सेवा तीव्र गतिमा शुरू भएकोमा र आर्टिफिशियल इन्टेलिजेन्समा महत्वपूर्ण निवेशमाथि प्रसन्नता व्यक्त गर्नुभयो।

---

BIS

केन्द्रीय उपभोक्ता मामिला मन्त्री श्री प्रहलाद जोशीले भन्नुभएको छ पछिल्ला दस वर्षमा भारतीय मानक ब्यूरोद्वारा लगभग सात सय बत्तीस उत्पादहरूका लागि एक सय पचास भन्दा अधिक गुँवत्ता नियन्त्रण आदेश अधिसूचित गरिएको छ।

नयाँ दिल्लीमा आज विश्व मानक दिवस कार्यक्रमको अवसरमा उहाँले भन्नुभयो रास्ट्रिय मानकहरूको कार्यान्वयनलाई सरकारद्वारा स्र्वोच्च प्राथमिकता दिइएको छ।

श्री जोशीले भन्नुभयो सरकार, देशका प्रत्येक नागरिकले सुरक्षित, विश्वस्त र उच्च गुणस्तरीय उत्पाद तथा सेवा पाएको सुनिश्चित गर्न प्रतिवध्द छ।

मन्तरी उपभोक्ताहरूसित बीआईएस मार्कयुक्त उत्पादहरूको उपयोग गर्ने आग्रह गर्नुभएको छ।

---

Rijiju Constitution Campaign

केन्द्रीय संसदीय तथा अल्पसंख्यक मामिला मन्त्री श्री किरेन रिजिजूले घोषणा गर्नुभए अनुसार छब्बीस नवम्वरका दिन भारतीय सम्विधानको पचहत्तरौ वर्षगाँठ प्रत्येक गाउँमा एक रास्ट्रव्यापी सम्विधान गौरव अभियान को रूपमा मनाइनेछ।

महारास्ट्रको छत्रपति संभाजीनगरमा एउटा सम्वाददाता सम्मेलनमा उहाँले प्रत्येक जिल्लामा सम्विधान भवन निर्माण गर्ने सरकारको पहलवारे प्रकाश पार्नुभयो।

---

Cricket Ranji Trophy

रम्फु क्रिकेट मैदानमा भएको रञ्जी ट्रफी क्रिकेट म्याचमा आज सिक्किमले मिजोरामलाई एक सय सैंतिस रनले परास्त गरयो।

गत शुक्रवार एघार अक्टूवरमा शुरू भएको म्याचमा मिजोरामले टस जितेर प्रथममा बलिङ्ग गर्ने निर्णय लिएको थियो।

सिक्किमले सत्तरी ओभरमा पहिलो इनिंग्स मा एक सय एकानब्बे रन बनाउन सक्यो।

मिजोरोमलाई एक सय त्रिसाठी रन मात्र बनाउने अवसर दिएर राज्य टीमले पहिलो इनिंग्स मा अठाइस रनको बढ़त बनायो।

यसै गरी दोस्रो इनिंग्स मा सिक्किमले दुइ सय उनात्तर रन बनाएपछि दुइ सय सन्तानब्बे रनको बढ़त हासिल गरयो।

यसको जवावामा मिजोरामले एक सय साठी रन बनाउन सकेको हुँदा एक सय सैंतिस रनले पराजित भयो।

सिक्किका पार्थ पलावतलाई म्यान अफ द म्याच घोषित गरियो।

रञ्जी ट्रफी प्लेट डिभिजनको लीग चरणमा सिक्किमले खेल्ने पाँचवटा म्याचहरूमध्ये यो पहिलो म्याच हो।

प्लेट डिभिजनमा सिक्किम, मिजोराम, गोवा, अरूणाचल प्रदेश, नागाल्याण्ड र मणिपुर गरी छ वटा टीम सामेल छन्।

सिक्किम क्रिकेट संघको SICA मैदान रम्फुमा अठार अक्तूवरका दिन अर्को गृह म्याचमा सिक्किम गोवासित भिड़नेछ।

---

Chess

नर्थइस्ट टीम चेस च्याम्पियनशीप 2024 गान्तोकको जनता भवनमा आउँदो बीस अक्टूबरदेखि शुरू हुनेछ।

सिक्किम चेस संघद्वारा सिक्किम र पूर्वोत्तर क्षेत्रमै पहिलोचोटि आयोजन गरिएको चार दिने लामो च्याम्पियनशीपमा आठवटै पूर्वोत्तर राज्यहरूवाट चार प्रमुख खेलाड़ी र एकजना रिजर्व गरी पाँच पाँचजनाको टीम हुनेछन्।

सिक्किम चेस संघका महासचिव श्री महेन्द्र ढकाल अनुसार पूर्वोत्तर क्षेत्रमा चेस खेलाको विकास तथा प्रवर्ध्दनका लागि यो च्याम्पियनशीपको आयोजना गरिएको हो।

यसमा विजेता टीमलाई दुई लाख रूपियाँ, उपविजेता टीमलाई डेढ़ लाख रूपियाँ र तेस्रो स्थानमा आउने टीमलाई एक लाख रूपियाँ प्रदान गरिनेछ।

यसवाहेक आठौ स्थान सम्मका लागि शान्स्वन पुरस्कार पनि हुनेछ।

यो च्याम्पियनशीप टीम च्याम्पियनशीप भएकोले राउण्ड सिस्टममा खेलाइनेछ। यस प्रकारको च्याम्पियनशीपमा एकजना रिजर्व खेलाड़ी लगायत जम्मा पाँचजना खेलाड़ी हुन्छन्।

संघ सूत्रका भनाइमा नर्थइस्ट टीम चेस च्याम्पियनशीपको उद्घाटन खेल तथा युवा मामिला मन्त्री श्री राजु वस्नेतले गर्नुतहुने कार्यक्रम छ भने समापन समारोहमा अखिल भारतीय चेस महासंघका अध्यक्ष श्री नितिन नाराङ्ग उपस्थित रहनुहुनेछ ।

---